नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

आज मिति २०८३/०५/१० गते रसुवा जिल्ला तथा त्रिशुली नदीमा अचानक आएको बाढी पहिरो र त्यसले पुऱ्याएको धनजनको क्षति तथा हानी नोक्सानी सम्बन्धमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकले देहायबमोजिमको निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

१ आज मिति २०८३/०५/१० गते रसुवा जिल्ला तथा त्रिशुली नदीमा अचानक आएको बाढी पहिरोमा परि जीवन गुमाउनु हुने नागरिक प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तब्त परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्ने ।

२ बाढी पहिरोमा पर्नु हुने नागरिकको खोज, उद्धार र राहत कार्यमा यस मन्त्रालय तथा मातहतका सम्पूर्ण निकायहरुमा कार्यरत कर्मचारीहरुलाई आ-आफ्नो ठाउँबाट सहयोग गर्न अनुरोध गर्ने।

३ यस मन्त्रालय अन्तर्गत भएको हानी नोक्सानी तथा क्षतिको विवरण संकलन गरी विवरण पेश गर्नका लागि देहाय बमोजिमको Rapid Response Team गठन गर्ने।

- क. डा. हरि बहादुर के.सी सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा
- ख. श्री धनन्जय लामिछाने उप-महानिर्देशक, वन तथा भूसंरक्षण विभाग
- ग. श्री राजेन्द्र कोइराला उप-महानिर्देशक, कृषि विभाग
- घ. डा. वरुण कुमार शर्मा प्रमुख, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला
- ङ. श्री हरिभद्र आचार्य इकोलोजिस्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- च. श्री बिभूती पोखरेल उप-सचिव, जल तथा मौसम विज्ञान विभाग

४ बाढी पहिरोमा परेका पशु चौपायाका कारण रोग ब्याधि सर्न सक्ने सम्भावना भएकोले रोकथाम तथा नियन्त्रणका लागि रसुवा, नुवाकोट तथा धादिङ जिल्लामा विशेष टोली खटाउनका लागि पशु सेवा विभागलाई निर्देशन दिने।

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री